# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १८ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. मुख्यमन्त्री ममता बनर्जीद्वारा इंटरलोक्यूटर नियुक्त गर्ने केन्द्र सरकारको निर्णयको विरोध गर्नुभएको छ।

२. दार्जिलिंगको सासद राजु बिस्टले मुख्यमन्त्री ममता बनर्जी गोर्खाहरु सगै उत्तर बगालको हितमा कुनै दिन नरहेको बताउनुभयो।

३. धनतेरसको पर्वसगै आजदेखि पाच दिवसीय दीपावली पर्व सुरु भएको छ।

४. चुनाव आयोगले पश्चिम बंगालका जिल्ला मजिस्ट्रेटहरूलाई बुथ स्तर अफिसर नियुक्त गर्दा विशेष सावधानी अपनाउने निर्देश दिएको छ।

५. खरसाङको पंखाबारी रोड अन्तर्गत तीन घुम्ती क्षेत्रमा आज बिहानै भएको वाहन दुर्घटनामा दुईजनाको मृत्यु र तीनजना गम्भीर घाइते भएका छन्।

**इंटरलोक्यूटर-विरोध**

दार्जिलिंग पहाड तराई डुवर्सको राजनैतिक समाधानको निम्ति केन्द्र सरकारले इंटरलोक्यूटर नियुक्त गर्ने घोषणा गरेपछि राज्यको राजनैतिक माहोल एकाएक तातिएको छ। यसै क्रममा राज्यकी मुख्यमन्त्री ममता बनर्जीले दार्जिलिङ, तराई र डुवर्स क्षेत्रमा इंटरलोक्यूटर नियुक्त गर्ने केन्द्र सरकारको निर्णयको कडा विरोध गर्नुभएको छ।

*बाइट*

अर्कोतिर मुख्यमंत्रीको पत्रप्रति दार्जिलिंगको सासद राजु बिस्टले आफ्नो यस निर्णयप्रति आफ्नो प्रतिक्रिया दिदै मुख्यमन्त्री गोर्खाहरुसगै उत्तर बगालको हितमा कुनै दिन नरहेको बताउनुभयो। उहाँले भन्नुभयो केन्द्र सरकारले पटक पटक गोर्खाहरुको समस्य हेतु तृपक्षीय बैठकमा राज्यलाई निम्ताएको भए पनि राज्य सरकारले कुनैदिन गम्भीरतापुर्वक लिएन। यद्यपि केन्द्र सरकारले समस्याको समाधानको निम्ति गम्भीर रहेको बताउनु भयो। यसैगरी पुर्व जीटीए प्रमुख कार्यपाल विनय तामाङ, भाजपा जिल्ला कमिटी सदस्य लगायतले मुख्यमन्त्रीको पत्रप्रती आपत्ती जनाएका छन।

**धनतेरस**

देशभरि आज धनतेरसको पर्व मनाइँदैछ। आज देखि दीपावलीको उत्सवहरुको सुरुवात हुँदछ यसमा नरक चतुर्दशी, लक्ष्मी पुजा, गोवर्धन पूजा र भाइटिका सामेल छन्। धनतेरसलाई धन त्रयोदशी र धन्वन्तरी जयन्तीको नामले पनि जानिन्छ।

*बाइट*

**चुनाव आयोग बीएलओ**

चुनाव आयोगले पश्चिम बंगालका जिल्ला मजिस्ट्रेटहरूलाई बुथ स्तर अफिसर नियुक्त गर्दा विशेष सावधानी अपनाउन निर्देश दिएको छ। आयोगले विशेष गरी उनीहरूलाई बीएलओको रूपमा प्यारा-शिक्षकहरू नियुक्त नगर्न आग्रह गरेको छ। विपक्षी दलहरूबाट आएका गुनासोहरूपछि यो चेतावनी दिइएको हो जसमा धेरै जिल्लाहरूमा प्यारा-शिक्षकहरूलाई बीएलओ बनाइएको आरोप लगाइएको छ। मुख्य निर्वाचन अधिकारी कार्यालयले सबै जिल्ला निर्वाचन अधिकारीहरूलाई कुनै पनि पारा -शिक्षकलाई बीएलओको रूपमा नियुक्त गरिएको छ भने आयोगले तोकेको योग्यता मापदण्ड अनुसार उनको ठाउँमा अर्को योग्य व्यक्तिलाई नियुक्त गर्नुपर्ने बताएको छ। निर्वाचन आयोगको दिशा-निर्देश अनुसार राज्य सरकारका स्थायी कर्मचारी र सरकारी विद्यालय शिक्षक जसले भविष्य निधि, पेन्सन वा ग्रेच्युटी जस्ता अवकाश लाभहरू प्राप्त गर्छन्, उनीहरूलाई बीएलओ नियुक्तिमा प्राथमिकता दिनुपर्छ। विशेष परिस्थितिमा जब त्यस्ता स्थायी कर्मचारीहरू उपलब्ध हुँदैनन्, सीईओ कार्यालयको अनुमतिले

संविदा कर्मचारीहरूलाई बीएलओको रूपमा नियुक्त गर्न सकिन्छ। यसैबीच, सीईओ कार्यालयका स्रोतहरूका अनुसार मतदाता सूचीमा फर्जी नाम धम्की वा डराउने धम्काउने आरोप लगाइएका बीएलओहरूबाट आएका उजुरीहरूको पनि छानबिन गर्न उनीहरूलाई निर्देशन दिइएको छ।

**आगलागी**

दार्जिलिङको लालकोठी रोडमा रहेको कुमार छेत्रीको घरमा आगलागी भएको जानकारी प्राप्त भएको छ। उक्त आगलागीमा उनको घरलाई जलेर व्यापक क्षति गरेको छ। भाग्यवश कसैको ज्यानमालको क्षति भएन।आगलागी घटनाको जानकारी पाउनसाथ अग्निशमन केन्द्रका कर्मचारीहरु र पुलिस आएर आगोलाई नियन्त्रणमा ल्याएको बताइएको छ। आगोलाई नियन्त्रणमा लिए पनि घर भने पूर्ण रुपमा जलेर नष्ट भएको जानकारी प्राप्त भएको छ।

**दुर्घटना**

खरसाङको पंखाबारी रोड अन्तर्गत तीन घुम्ती क्षेत्रमा आज बिहानै भएको वाहन दुर्घटनामा दुईजनाको मृत्यु र तीनजना गम्भीर घाइते भएका छन्। प्राप्त जानकारी अनुसार दार्जिलिङबाट खरसाङको पंखाबारी रोड भएर नक्सलबारी गईरहेको वेगेनार गाडी एका बिहानै तीन घुम्ती क्षेत्रमा दुर्घटना हुँदा गाडीमा सवार पाँजनामा दुईजनाको घटनास्थलमै मृत्यु भएको र तीनजना गम्भीर घाइते भएका हुने। उक्त दुर्घटनाको जानकारी पाउन साथ खरसाङ ट्राफिक पुलिस, गाडीधुरा पुलिस आउट पोष्ट, गाडीधुरा ट्राफिक पुलिस, अग्निशमन विभाग, एम्बुलेन्स विभाग र स्थानीयहरु मिलेर घाइतेहरुलाई उध्दार गरेर उपचारको लागि उत्तर बंगाल मेडिकल कलेज पठाइएको जानकारी प्राप्त भएको छ।

**मुख्यमन्त्री बाढ़ी सममान**

दार्जिलिङ र वरपरका पहाडी क्षेत्रहरूमा हालै गएको पहिरो र भारी वर्षाबाट प्रभावित मानिसहरूलाई सहयोग गर्न अगाडि आएकाहरूलाई राज्य सरकारले सम्मानित गरेको छ। मुख्यमन्त्री ममता बनर्जीले जलपाईगुडी जिल्लाका बाढी प्रभावित मानिसहरूलाई सहयोग गर्ने 42 जनालाई सम्मानित गर्नुभयो। मुख्यमन्त्रीले कोलकाताबाट एक वर्चुअल समारोहको माध्यमले पुलिस कर्मीहरु, डाक्टर, स्वास्थ्य कर्मी, वन विभागका कर्मचारी, सिविक भोलिन्टियर र सिविल डिफेंसका सदस्यहरूलाई सम्मानित गर्नुभयो। मुख्यमन्त्रीले नगद पुरस्कार र प्रमाणपत्र पनि प्रदान गर्नुभयो। जलपाईगुडी जिल्ला जिलाधिकारी शमा परवीन र अन्य अधिकारीहरूले यस अवसरमा पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो।

**रिम्बिक**

दार्जिलिङका लोकसभा सासद राजु बिष्टले अन्तत आज दार्जिलिङको सुदुरवर्ती रिम्बिक लोधोमा समष्टि अधिनस्तको विभिन्न गाउँहरुको स्थलगत भ्रमण गर्दै प्रभावित मानिसहरूसग भलाकुसारी गरेका छन्। यसै क्रममा उनले बाडीको चपेटमा परेको लोधोमा खेल मैदान सगै फेन्चेटार फेदीखोला लगायतको स्थानहरुमा भ्रमण गर्दै सर्वसाधारणसग भेटघाट गरेका छन। यसको साथमा उनले लोधोमा खेल मैदान सगै फेन्चेटार तथा फेदिखोलाका पहिरो प्रभावित १० पीडितहरु घर निर्माण गर्न आर्थिक सहयोग प्रदान गर्ने घोषण समेत गरेका छन्।

**बिजनबारी**

विगत केहि दिन आएको प्राकृतिक आपदाले पहाडको जनजीवन सगै बालीनालीमा ठूलो क्षति पुर्याएको छ। यसैबीच उक्त क्षयक्षतीको आकलन गर्न कृषि विभागको एक टोलीले बिजनबारी क्षेत्रको प्रभावित स्थानहरुको स्थलगत भ्रमण गरेका छन्।

****** ० ******